## बर्दिवास नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ७ संख्या ९ मिति: २०८१/११/१३


भाग-२

## बर्दिवास नगरपालिका

## व्यवसायिक कृषि फार्म दर्ता कार्यविधि, २०८१

**पृष्ठभुमि :**

कृषि क्षेत्रलाई व्यवसायीकरण गरी प्रतिस्पर्धि रुपमा सक्षम बनाउन र कृषि व्यवसायबाट कृषकको जिवनस्तर उकास्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को द (५) ले दिएको अधिकार प्रयोग गरी बर्दिवास नगरपालिका, नगर कार्यपालिकाबाट यो कार्यविधि जारी गरी लागु गरिएको छ ।

### परिच्छेद १

**१) प्रारम्भ**

**क) संक्षीप्त नाम र प्रारम्भ :**

१. यो कार्यविधिको नाम " व्यवसायिक कृषि फार्म दर्ता कार्यविधि २०८१ " रहेको छ।

२. यो कार्यविधि बर्दिवास नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट पास भएको मितिबाट लागु हुनेछ ।

**२) परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) " नगरपालिका " भन्नाले बर्दिवास नगरपालिका सम्झनु पर्दछ।

ख) “ कार्यालय ” भन्नाले बर्दिवास नगरपालिको कार्यालय सम्झनु पर्दछ।
ग) “ शाखा ” भन्नाले बर्दिवास नगरपालिको कृषि विकास शाखा सम्झनु पर्दछ।
घ) “ निजि फार्म ” भन्नाले एकल वा साझेदारीमा रहि यस शाखामा दर्ता भएको फार्म सम्झनु पर्दछ।

## परिच्छेद २

**३.कृषि फार्म दर्ताको न्युनतम मापदण्ड :** कृषि फार्म दर्ताको न्युनतम मापदण्ड देहाय  बमोजिम हुनेछ ।

**क. प्लाष्टिक टनेल खेति :**

प्लाष्टिक टनेल कम्तिमा ५/१० मिटरको ५ वटा टनेल निर्माण गरी तरकारी उत्पादन गरेको हुनु पर्दछ।

**ख. खुला तरकारी खेति :**

यस तरिकाबाट तरकारी खेति गर्दा कम्तिमा  ३ कठ्ठा भन्दा बढिमा व्यवसायीक रुपमा तरकारी बाह्रै महिना उत्पादन हुनुपर्दछ।

**ग. फलफुल खेति :**

फलफुल खेतिहरु जस्तै : सुन्तलाजात फलफुल, किवि, एभोकाडो, हलुवावेद, केरा, आँप, लिचि, आरुबखडा, नास्पति आदिको हकमा व्यवसायीक रुपमा ३ रोपनी भन्दा बढिमा फलफुल खेति गरिएको हुनु पर्नेछ ।

**घ.च्याउ खेति(सितके, कन्ये, गोब्रे लगायत) :**

च्याउ खेति व्यवसायीक रुपमा करिब २ वटा च्याउ घर (५/१० मिटर) निर्माण गरी खेति गरेको हुनुपर्नेछ।

**ङ. मौरी पालन :**

मौरी पालनको हकमा आधुनिक घार १० वटा घार भन्दा बढिमा पालन गरेको हुनुपर्नेछ।

**च.कृषि बाली खेति :**

कृषि बाली बस्तु जस्तै : खाद्यान्न, दलहन, तेलहन, औद्योगिक, मसला बाली आदिको हकमा व्यवसायीक रुपमा १.५ बिघा(३० कठ्ठा) भन्दा बढिमा खेति गरेको हुनुपर्दछ ।

**छ. तरकारी तथा फलफुल नर्सरी खेति :**

तरकारी तथा फलफुल नर्सरीको हकमा कम्तिमा ३ कठ्ठा क्षेत्रफलमा नर्सरी स्थापना गर्नुपर्नेछ।

**ज. अन्य बाली बस्तु :**

कृषकले माथि उल्लेखित बाहेक अन्य कुनै बाली बस्तु उत्पादन गर्न चाहेमा कृषि प्राविधिकको सिफारिसको आधारमा गर्नुपर्नेछ।

**४.फार्म दर्ता :**

क)कृषि फार्म दर्ता गराउन चाहने कृषकहरुले अनुसुचि १ बमोजिम देहायका  कागजातहरु सहित कार्यालयमा निवेदन दिनुपर्ने छ ।

- .अनुसूचि २ अनुसारको निवेदन
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- २ प्रति पासपोर्ट साइजको फोटो
- चार किल्ला प्रमाणित सर्जिमिन मुचुल्का
- जग्गा भाडामा भए सो को करारनामा (कम्तिमा ५ वर्षको)
- व्यक्तिगत वा संगोलमा भए स्वघोषणा/मञ्जुरीनामा

- सम्बन्धित वडा कार्यालयको सिफारीस

ख) निवेदनको  आधारमा शाखाबाट स्थलगत अनुगमन गरी कृषि फार्म दर्ता गर्न उपयुक्त देखिएमा अनुसूचि २ को ढाँचामा दर्ता गरी प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

५ .नविकरण तथा खारेजी प्रक्रिया :

क) दर्ता भएको फार्म प्रत्येक नयाँ आर्थिक वर्ष सुरु भएको ३ महिना भित्र नविकरण गर्नु पर्नेछ ।

ख)नयाँ फार्म दर्तामा लाग्ने शुल्क नगरपालिकाको आर्थिक ऐन अनुसार हुनेछ ।

ग) व्यवसायिले फार्म संचालन गर्न नसक्ने भई दर्ता खारेजी गरी पाँउ भनि निवेदन दिएमा कार्यालयले फार्म खारेजी गर्न सक्नेछ ।

## परिच्छेद ३

**६.थपघट वा हेरफेर गर्न सक्ने**

क. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन बर्दिवास नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

ख. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि बर्दिवास नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

बर्दिबास नगर

अनुसूचीं. १

फार्म दर्ताको लागि निवेदनको ढाँचा

मिति : ..................................

श्रीमान शाखा प्रमुख ज्यू,
बर्दिवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा,
बर्दिवास, महोत्तरी

महोदय,

विषय : फार्म दर्ता गरी पाउँ।

प्रस्तुत विषयमा यस बर्दिवास नगरपालिका वडा नं. ...... मा मैले ........... क्षेत्रफलमा मिति : .............देखी ..........बाली खेति गर्दै आइरहेको वा मिति : .................. भित्रमा ........... क्षेत्रफलमा व्यवसायीक रुपमा................ बाली खेति गर्ने प्रतिबद्धता जनाउदै वार्षिक रु. ................. को कारोबार हुने गरी ...................................................... नामको फार्म दर्ता गरी पाउँ भनि तपशिलमा उल्लेखित कागजातहरु संलग्न गरी फार्म दर्ताको लागि यो निवेदन पेश गरेको छु।

संलग्न कागजातहरु निवेदन

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- २ प्रति पासपोर्ट साइजको फोटो
- चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का
- जग्गा भाडामा भए सो को सम्झौता पत्र
- व्यक्तिगत वा संगोलमा भए स्वघोषणा/मञ्जुरीनामा
- सम्बन्धित वडा कार्यालयको सिफारीस
- न्युनतम मापदण्ड अनुसार व्यवसाय नविकरणको हकमा शाखाको कृषि प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन

निवेदक हस्ताक्षर :
नाम :
ठेगाना :
सर्म्पक न. :

अनुसूचीं. २

# बर्दिवास नगरपालिका
## नगर कार्यपालिको कार्यालय
## कृषि विकास शाखा
## बर्दिवास ,महोत्तरी

कृषि फार्म दर्ता प्रमाण पत्र

१. दर्ता नं. :- दर्ता मिति :
२. फार्मको नाम :-
३. जम्मा पुँजी :-
४. फार्म धनिको नाम :
५. फार्मको उद्देश्य :
६. फार्म रहने ठेगाना :- जिल्ला :- वडा नं. :-
७. खेति गरिने जमिनको क्षेत्रफल :-
८.खेति गरिने बाली :

........................ ...................................
कृषि शाखा प्रमुख : प्रमुख प्रशासकीय अधिकृत

(नोटः कृपया प्रत्येक आ.व. को शुरु मा यो ईजाजतत्र नविकरण गराउनु होला।)

### नवीकरण सम्बन्धी विवरण

| नवीकरण मिति | आ.व. | रसिद नं. | प्रमाणित गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले,

राममणि अधिकारी

प्रमुख प्रशासकीय अधिकृत